# अर्थ बुलेटिन

वर्ष ७ अंक ८ २०८२ फागुन

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.८ खर्ब ३९ अर्ब ३१ लाखको तुलनामा १०.४ प्रतिशतले बढेर रू.९ खर्ब २६ अर्ब ५९ करोड पुगेको छ। यस अवधिमा चालु खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ९.९ प्रतिशत र १९.४ प्रतिशतले बढेको छ भने पुँजीगत खर्च ४.७ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय खर्च ४.७ प्रतिशतले बढेको थियो।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको फागुन महिनासम्मको खर्चको स्थिति** (रू. करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | ४५५८१.६० | ६०८८४.४५ | ५८२१०.९९ | ५८४१३.३१ | ६४२१४.६८ |
| पूँजीगत | ७९६९.७० | ८४२५.६० | ८१२१.४८ | ८२३३.४० | ७८४९.०८ |
| वित्तीय व्यवस्था | ३५५०.८० | ८६१२.९६ | १३८२५.८१ | १७२५३.६० | २०५९५.२३ |
| **कुल संघीय खर्च** | **५७१०२.१०** | **७७९२३.०१** | **८०१५८.२८** | **८३९००.३१** | **९२६५८.९९** |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय,२०८२


२. चालु आर्थिक वर्षको फागुनसम्म कुल वार्षिक विनियोजनको तुलनामा खर्च उपलब्धी ४७.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म खर्च उपलब्धी ४५.१ प्रतिशत रहेको थियो। शीर्षकगत खर्चको रुपमा कुल विनियोजित बजेटमध्ये चालु खर्च ५४.४ प्रतिशत, पुँजीगत खर्च १९.२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ५४.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च क्रमशः ५१.२ प्रतिशत, २३.४ प्रतिशत र ४७.० प्रतिशत रहेको थियो।

**तालिका (ख): आर्थिक वर्ष २०७७/७८ को फागुनसम्मको खर्चको स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | २०८१/८२ | | २०८२/८३ | |
|---|---|---|---|---|
| | कुल खर्च | खर्च प्रतिशत | कुल खर्च | खर्च प्रतिशत |
| चालु | ५८४१३.३१ | ५१.२ | ६४२१४.६८ | ५४.४ |
| पूँजीगत | ८२३३.४० | २३.४ | ७८४९.०८ | १९.२ |
| वित्तीय व्यवस्था | १७२५३.६० | ४७.० | २०५९५.२३ | ५४.९ |
| **कुल खर्च** | **८३९००.३१** | **४५.१** | **९२६५८.९९** | **४७.२** |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

**चार्ट (क): पछिल्लो तीन आर्थिक वर्षको मासिक खर्चको प्रवृत्ति (रु. करोडमा)**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

### प्रमुख आर्थिक झलकहरू


- चालु आर्थिक वर्षको फागुनसम्म प्रायः समष्टिगत आर्थिक परिसूचकहरु मिश्रित रहेका छन्। संघीय खर्च र राजस्व बढेपनि वित्त घाटा समेत बढेको छ। बाह्य क्षेत्र थप सबल हुँदै गएको छ। वित्तीय क्षेत्रका प्रायः परिसूचक सकरात्मक रहेपनि निष्कृय कर्जाको अनुपात बढेको छ।
- आयातमा भएको वृद्धिको प्रभावस्वरुप कुल राजस्वमध्ये भन्सार बिन्दुमा सङ्कलन भएको राजस्वको अनुपात तुलनात्मकरुपमा बढेको छ। सरकारको तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४३.६ प्रतिशत पुगेको छ।
- वस्तु आयात र निर्यात दुवैमा वृद्धि भएको छ। विप्रेषण आयमा भएको उल्लेख्य वृद्धिको कारण चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति हालसम्मकै ऐतिहासिक उच्च विन्दुमा पुगी १८.५ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ।
- वित्तीय पहुँचमा वृद्धि भएको छ। डिजिटल भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भएको छ। यद्यपि, निष्कृय कर्जा अनुपातमा भने सुधार हुन सकेको छैन।
- पुँजी बजारमा उच्च उतारचढाव देखिएको छ। पर्यटक आगमन बढेको छ। बीमा प्रिमियम संकलन बढेको छ। विद्युत पहुँच ९९ प्रतिशत जनसङ्ख्यामा पुगेको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

३. हरेक आर्थिक वर्षको मासिक खर्चको प्रवृत्ति विश्लेषण गर्दा साउन महिनामा सबैभन्दा न्यून खर्च हुने तथा असोज महिनामा चालुखर्च अधिक हुने र असार महिनामा पूँजीगत तर्फको खर्च अधिक हुने प्रवृत्ति रहेको छ। जेठ र असार महिनामा मात्र पूँजीगत खर्चको करिब ४६.० प्रतिशत हिस्सा खर्च हुने गरेको छ।

**चार्ट (ख): पछिल्लो दश आर्थिक वर्षको फागुनसम्मको खर्च संरचना**
(कुल संघीय खर्चको प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

४. पछिल्लो समयको कुल संघीय खर्चमा चालु खर्च तथा पुँजीगत खर्चको हिस्सा घट्दो र वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा बढ्दो क्रममा रहेको छ।

## राजस्व परिचालन

५. आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म सरकारको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.७ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ४७ अर्ब २८ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू.६ खर्ब ७६ अर्ब ५९ करोड र गैरकर राजस्व रू.७० अर्ब ६९ करोड रहेको छ। यस अवधिमा कर राजस्व ५.९ प्रतिशतले बढेको छ भने गैरकर राजस्व १३.३ प्रतिशतले सङ्कुचन भएको छ।

६. यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू.७ खर्ब ५१ अर्ब ८६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्राप्ति रु.७ खर्ब २९ अर्ब ६६ करोड रहेको थियो।

७. चालु आर्थिक वर्षको फागुनसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा ८.१ प्रतिशतले वृद्धि भएको छ भने आयकरको सङ्कलनमा १.४ प्रतिशतले कमी आएको छ।

८. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा शिक्षा सेवा शुल्क र अन्य राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। अन्य शीर्षकको राजस्व सङ्कलनमा केही कमी आए तापनि समग्र राजस्व सङ्कलन लक्ष्यको ८२.१ प्रतिशत रहेको छ।

९. चालु आर्थिक वर्षको फागुनसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा गैरकर र आयकर राजस्व सङ्कलनमा क्रमशः १३.३ प्रतिशत र १.४ प्रतिशतले कमी आएको छ भने अन्य शीर्षकको राजस्व सङ्कलन बढेको छ।

**तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण** (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०८२/८३ को वार्षिक लक्ष्य | आ.व.२०८१/८२ को फागुनसम्मको सङ्कलन | आ.व.२०८२/८३ को फागुनसम्मको सङ्कलन | फागुनसम्मको लक्ष्य | लक्ष्यको तुलनामा असुली प्रतिशत | वृद्धिदर |
|---|---|---|---|---|---|---|
| भन्सार महसुल | ३०५५७.०५ | १४४१८.२१ | १५५९०.१४ | १९५९०.०० | ७९.६ | ८.१ |
| मूल्य अभिवृद्धि कर | ३९४५९.५२ | २१००९.२२ | २२५५३.४५ | २४६४३.९० | ९१.५ | ७.४ |
| उत्पादन, बिक्री, सेवा | १७२७९.८९ | ८७५७.१४ | ९३८१.८२ | १०३०७.२४ | ९१.० | ७.१ |
| पैठारी | २२१७९.६३ | १२२५२.०८ | १३१७१.६३ | १४३३६.६६ | ९१.९ | ७.५ |
| अन्तःशुल्क | २१३१५.७७ | १०८८७.६४ | १२०३६.७३ | १३३२१.६४ | ९०.४ | १०.६ |
| आन्तरिक उत्पादन | १५२२७.१२ | ८००२.७२ | ८८०३.८९ | ९४३१.८३ | ९३.३ | १०.० |
| पैठारी | ६०८८.६५ | २८८४.९२ | ३२३२.८४ | ३८८९.८१ | ८३.१ | १२.१ |
| शिक्षा सेवा शुल्क र अन्य | ५२३.१३ | २३८.७७ | ३९७.८५ | ३०६.९२ | १२९.६ | ६६.६ |
| आयकर | ४०७०२.९२ | १७३२६.०५ | १७०८०.४१ | २३७८०.५५ | ७१.८ | -१.४ |
| आयकर | ३५५४४.८८ | १५०६६.५९ | १५१२९.१८ | १९९२२.६० | ७५.९ | ०.४ |
| ब्याज कर | ५१५८.०५ | २२५९.४६ | १९५१.२३ | ३८५७.९६ | ५०.६ | -१३.६ |
| **कर राजस्व जम्मा** | **१३२५५८.३९** | **६३८७९.८९** | **६७६५८.५७** | **८१६४३.००** | **८२.९** | **५.९** |
| **अन्य राजस्व (गैरकर) जम्मा** | **१५४४१.६१** | **८१५४.७७** | **७०६९.४८** | **९३७७.३३** | **७५.४** | **-१३.३** |
| **कुल राजस्व** | **१४८०००.००** | **७२०३४.६६** | **७४७२८.०५** | **९१०२०.३३** | **८२.१** | **३.७** |
| विविध प्राप्ति | ०.०० | ९३१.२१ | ४५७.६१ | ०.०० | ०.० | ०.० |
| **जम्मा राजस्व/प्राप्ति** | **१४८०००.००** | **७२९६५.८८** | **७५१८५.६५** | **९१०२०.३३** | **८२.६** | **३.०** |

स्रोतः अर्थ मन्त्रालय, २०८२

४. चालु आर्थिक वर्षको फागुनसम्म भन्सार विन्दुमा सङ्कलन हुने राजस्व गत आर्थिक वर्षको सोही अवधिको रू.२ खर्ब ९५ अर्ब ५५ करोडको तुलनामा ८.३ प्रतिशतले वृद्धि भई रू.३ खर्ब १९ अर्ब ९५ करोड पुगेको छ। यस अवधिमा आन्तरिकतर्फको कर राजस्व परिचालन ३.९ प्रतिशतले वृद्धि भई रू.३ खर्ब ५६ अर्ब ६४ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्कलन रु.३ खर्ब ४३ अर्ब २५ करोड रहेको थियो।

**तालिका (घ):फागुनसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रु. करोडमा)**


| विवरण | २०८०/७९ | २०८०/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| **राजस्व** | **६८४६९.९५** | **५८२७७.१२** | **६३९०४.६०** | **७२०३४.६६** | **७४७३१.६०** |
| कर राजस्व | ६२८४०.४७ | ५२६४७.२६ | ५७८६७.२५ | ६३८७९.८९ | ६७६६२.१२ |
| गैरकर राजस्व | ५६२९.४८ | ५६२९.८६ | ६०३७.३५ | ८१५४.७७ | ७०६९.४८ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

५. चालु आर्थिक वर्षको फागुनसम्मको कुल राजस्व सङ्कलनमा कर र गैरकर राजस्वको योगदान क्रमशः ९०.५ प्रतिशत र ९.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनमसम्म यस्तो योगदान क्रमशः ८८.७ प्रतिशत र ११.३ प्रतिशत रहेको थियो।

६. पछिल्लो ५ वर्षको फागुनसम्मको राजस्व सङ्कलनमध्ये कर राजस्व र गैरकर राजस्वको योगदान औसत क्रमशः ९०.४ प्रतिशत र ९.६ प्रतिशत रहेको छ।


चार्ट (ग): पछिल्लो ५ वर्षको फागुन महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)





स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

७. पछिल्लो ५ वर्षको फागुनसम्मको राजस्व सङ्कलनको स्थिति हेर्दा आर्थिक वर्ष २०७९/८० बाहेक अन्य आर्थिक वर्ष राजस्व परिचालन क्रमशः बढ्दै गएको छ। यद्यपि चालु आर्थिक वर्ष राजस्व परिचालनको वृद्धिदर तुलात्मकरुपमा न्यून रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म गैरकर राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.३ प्रतिशतले सङ्कुचन भएकाले सो को प्रभाव समग्र राजस्व परिचालनमा समेत पर्न गएको छ।

चार्ट (घ): फागुनसम्मको राजस्व सङ्कलन संरचना




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२

८. चालू आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म कुल राजस्वमा भन्सार महशुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र गैरकर राजस्वको हिस्सा घटेको छ।

## संघीय राजस्व

९. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू.६ खर्ब ३१ अर्ब ८० करोडको तुलनामा ३.२ प्रतिशतले वृद्धि भई रू.६ खर्ब ५१ अर्ब ७१ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको फागुनसम्मको रू.८७ अर्ब ४ करोडको तुलनामा ८.१ प्रतिशतले वृद्धि भई रू.९४ अर्ब ७ करोड पुगेको छ।

१०. चालु आर्थिक वर्षको फागुनसम्म संघीय राजस्व ३.२ प्रतिशतले बढेपनि मूल्य अभिवृद्धि कर ७.४ प्रतिशत र अन्तःशुल्क (आन्तरिक उत्पादन) १०.० प्रतिशतले बढेकाले प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्वको वृद्धिदर तुलनात्मकरुपमा उच्च रहेको छ। यस अवधिमा सङ्घीय सरकारले सङ्कलन गरेको बाँडफाँट हुने रोयल्टी रु.२ अर्ब ८१ करोड रहेको छ।

## करको दायरा विस्तार

११. २०८२ फागुन मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २०८२ असार मसान्तको तुलनामा ८.६ प्रतिशतले वृद्धि भई ७६ लाख ३ सय १६ पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म ६ लाख ९ सय ६६ स्थायी लेखा नम्बर लिने करदाता थप भएका छन्। २०८२ फागुनसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ६९ हजार ५० र अन्तःशुल्कमा दर्ता भएका करदाता १ लाख ३० हजार ९ सय २ पुगेको छ

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८२ असारसम्म | चालु आर्थिक वर्षको फागुनसम्म थप | २०८२ फागुनसम्म |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | २०६०७५८ | ७१४४६ | २१३२२०४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ४९०२७२२ | ५२८३८१ | ५४३११०३ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर | ३५८७० | ११३९ | ३७००९ |
| **जम्मा स्थायी लेखा नम्बर#** | **६९९९३५०** | **६००९६६** | **७६००३१६** |
| मूल्य अभिवृद्धि कर | ३५१७३५ | १७३१५ | ३६९०५० |
| अन्तःशुल्क | १२४९९७ | ५९०५ | १३०९०२ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिबद्धता

१२. चालु आर्थिक वर्षको फागुनसम्म अनुदान र ऋण गरी कुल वैदेशिक सहायता प्रतिबद्धता ६७.५ प्रतिशतले सङ्कुचन भई रु.७२ अर्ब २३ रहेको छ। यस अवधिको कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये ऋण र अनुदानको अंश क्रमशः ६३.१ प्रतिशत र ३६.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु.२ खर्ब २२ अर्ब बराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको थियो।

## संघीय सरकारको वित्त स्थिति

१३. चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय आय १.९ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ६३ अर्ब ६० करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो आय रु.६ खर्ब ५१ अर्ब २३ करोड रहेको थियो।

**तालिका (च): संघीय सरकारको वित्त स्थितिको तुलनात्मक विवरण**

| विवरण | फागुनसम्म | | | | |
|---|---|---|---|---|---|
| | रू. करोडमा | | | वृद्धिदर (प्रतिशतमा) | |
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| **कुल सरकारी खर्च** | **८०१५८** | **८३९००** | **९२६५९** | **४.७** | **१०.४** |
| चालु खर्च | ५८२११ | ५८४१३ | ६४२१५ | ०.३ | ९.९ |
| पुँजीगत खर्च | ८१२१ | ८२३३ | ७८४९ | १.४ | -४.७ |
| वित्तीय व्यवस्था | १३८२६ | १७२५४ | २०५९५ | २४.८ | १९.४ |
| **सङ्घीय राजस्व** | **५६०८८** | **६३१८०** | **६५१७१** | **१२.६** | **३.२** |
| कर | ५०२६२ | ५५३१० | ५८३८२ | १०.० | ५.६ |
| गैर कर | ५८२५ | ७८७० | ६७८८ | ३५.१ | -१३.७ |
| वैदेशिक अनुदान | १००६ | ९१६ | ६३४ | -८.९ | -३०.८ |
| नगद मौज्दात र बेरूजु | २२०३ | ९३१ | ४५८ | -५७.७ | -५०.९ |
| आन्तरिक ऋण लगानी फिर्ता | ४४८ | ९६ | ९७ | -७८.६ | १.७ |
| सङ्घीय आय | ५९७४४ | ६५१२३ | ६६३६० | ९.० | १.९ |
| ब्याज सेवा खर्च | ४९४८ | ४२७६ | ४८६३ | -१३.६ | १३.७ |
| आन्तरिक ऋण परिचालन | १६३३१ | २६९१५ | २४३६७ | ६४.८ | -९.५ |
| वैदेशिक ऋण परिचालन | ५५५६ | ६५४७ | ५६८० | १७.८ | -१३.२ |
| वैदेशिक सहायता प्रतिबद्धता | १०१२० | २२२०० | ७२२३ | ११९.४ | -६७.५ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

१४. चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण रु.२ खर्ब ४३ अर्ब ६७ करोड र बाह्य ऋण रु.५६ अर्ब ८० करोड गरी जम्मा रु.३ खर्ब ४७ अर्ब बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन रु.३ खर्ब ३४ अर्ब ६२ करोड रहेको थियो।

## वित्त परिसूचक

१५. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको बजेट घाटा ४०.० प्रतिशतले बढेर रू.२ खर्ब ६२ अर्ब ९९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू.१ खर्ब ८७ अर्ब ७७ करोड रहेको थियो।

**तालिका २(छ): संघीय सरकारका वित्त परिसूचकहरु** (रु. करोडमा)

| वित्त सन्तुलन | फागुनसम्म | | |
|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| बजेट सन्तुलन | -२०४१४.६ | -१८७७७.३ | -२६२९९.२ |
| राजस्व सन्तुलन | -२१२३.३ | ४७६६.५ | ९५६.० |
| समग्र वित्त सन्तुलन (अनुदान सहित) | -७२४८.४ | -१९०४.४ | -५८०१.३ |
| प्राथमिक सन्तुलन | -२३००.९ | २३७१.१ | -९३८.७ |

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

१६. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको राजस्व सन्तुलन बचतमा रहेपनि तुलनत्मकरुपमा यस्तो बचत घटेको छ। गत आर्थिक वर्षको फागुनसम्म राजस्व सन्तुलन रू.४७ अर्ब ६७ करोडले बचतमा रहेकोमा यस अवधिमा रू.९ अर्ब ५६ करोडले बचतमा रहेको छ।


१७. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको समग्र वित्त घाटा बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको समग्र वित्त घाटा रू.१९ अर्ब ४ करोड रहेकोमा यस अवधिमा रू.५८ अर्ब १ करोड पुगेको छ।

१८. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको प्राथमिक सन्तुलन (Primary Balance) रू.९ अर्ब ३९ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सन्तुलन रू.२३ अर्ब ७१ करोडले बचतमा रहेको थियो।

## सार्वजनिक ऋण

१९. २०८२ फागुनसम्म आन्तरिक ऋण रू.१३ खर्ब ४८ अर्ब १२ करोड र बाह्य ऋण रू.१५ खर्ब ३० अर्ब १८ करोड गरी सरकारको सार्वजनिक ऋण रू.२८ खर्ब ७८ अर्ब ३० करोड पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८१ फागुनमा सरकारको सार्वजनिक ऋण ४३.२ प्रतिशत रहेकोमा २०८२ फागुनमा ४३.६ प्रतिशत पुगेको छ।

**चार्ट (ङ): सार्वजनिक ऋणको स्थिति**




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

२०. २०८२ फागुनसम्म विभिन्न दश मुद्रामा वैदेशिक ऋण प्राप्त भएको छ। यस अवधिसम्मको तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये Special Drawing Right (SDR) अङ्कित ऋण सबैभन्दा बढी ७१.४२ प्रतिशत रहेको छ। त्यसैगरी, USD अङ्कित ऋण २१.०८ प्रतिशत, जापानीज येन अङ्कित ऋण ३.८३ प्रतिशत र चाईनिज यूआन अङ्कित ऋण २.४४ प्रतिशत रहेको छ। यूरो, पाउण्ड स्टर्लिङ्ग, कुवेती दिनार, कोरियन वन, साउदी रियाल र डेनिस क्रोन अङ्कित ऋण १.२३ प्रतिशत रहेको छ।

२१. अमेरिकी डलर र SDR सँग नेपाली रुपैयाँ तीव्रदरले अवमूल्यन भएकाले चालु आर्थिक वर्षको फागुनसम्म ८ महिनाको अवधिमा मात्र विनिमय दर नोक्सानी रु.९७ अर्ब ९८ करोड रहेको छ। यस अवधिमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ७.२ प्रतिशतले अवमूल्यन भएको छ।

२२. २०८२ फागुनसम्म तिर्न बाँकी कुल वैदेशिक ऋणमध्ये जाईका, बेल्जियम, चीन, कुवेत कोष, नर्वेजियन कोष, साउदी कोष लगायतका सरकार/निकायबाट प्राप्त द्विपक्षीय ऋण रु.१ खर्ब ४२ अर्ब ५८ करोड (९.३२ प्रतिशत) र एडिबि, आइडिए, आईएमएफ लगायतका बहुपक्षीय निकायबाट प्राप्त ऋण रु.१३ खर्ब ८७ अर्ब ६० करोड (९०.६८ प्रतिशत) रहेको छ।

२३. पछिल्लो एक वर्षको अवधिमा कुल सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको अंश बढेको छ। २०८२ फागुनसम्म तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४६.८ प्रतिशत र ५३.२ प्रतिशत रहेको छ। २०८१ फागुनसम्म यस्तो अनुपात क्रमशः ४९.२ प्रतिशत र ५०.८ प्रतिशत रहेको थियो।

२४. चालु आर्थिक वर्षको फागुनसम्म सार्वजनिक ऋणको सावाँतर्फ रु.१ खर्ब ९४ अर्ब २० करोड र ब्याजतर्फ रु.४८ अर्ब ६३ करोड भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो भुक्तानी क्रमशः रु.१ खर्ब ५८ अर्ब ९८ करोड र रु.४२ अर्ब ७५ करोड रहेको थियो।

२५. पछिल्ला वर्षमा सरकारको ऋण सेवा खर्च (सावाँ र ब्याज भुक्तानी) बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म सरकारको ऋण सेवा खर्च २०.४ प्रतिशतले बढेर रु.२ खर्ब ४२ अर्ब ८३ करोड पुगेको छ, जुन यस अवधिको संघीय सरकारी खर्चको अनुपातमा २६.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय सरकारी खर्चको अनुपातमा ऋण सेवा खर्च २४.० प्रतिशत रहेको थियो।

२६. चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक अनुदान रु.६ अर्ब ३४ करोड र वैदेशिक ऋण रु.५६ अर्ब ८० करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रु.६३ अर्ब १४ करोड रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.४ प्रतिशतले न्यून हो। गत आर्थिक वर्षको फागुनसम्म वैदेशिक सहायता प्राप्ति १३.८ प्रतिशतले बढेको थियो।

२७. पछिल्ला वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋणमा मध्यमकालीन ऋणपत्र (टी-वण्ड) को अंश बढ्दै गएको छ भने अल्पकालीन ऋणपत्र (ट्रेजरी बिल) को अंश घट्दै गएको छ। २०८२ फागुनसम्मको आन्तरिक ऋण दायित्वमा विकास ऋणपत्रको अंश तीन चौथाई नाघेको छ भने ट्रेजरी बिलको अंश २३.० प्रतिशतमा झरेको छ। त्यसैगरी, अन्य ऋणपत्र (वैदेशिक रोजगार बचतपत्र, नागरिक बचतपत्र र IMF Bond) को अंश १.४ प्रतिशत मात्र रहेको छ। २०८० असारमसान्तमा ट्रेजरी बिलको अंश ४०.५ प्रतिशत रहेको थियो।

## शेयर तथा ऋण लगानी

२८. चालु आर्थिक वर्षको फागुनसम्म सरकारको कुल ऋण तथा शेयर लगानी १५.९ प्रतिशतले सङ्कुचन भई रु.११ अर्ब ४० करोड रहेको छ। यस अवधिमा शेयर तथा ऋण लगानीको सावाँ फिर्ताबापत सरकारले रु.९७ करोड प्राप्त गरेको छ। यस अवधिमा खुद ऋण तथा शेयर लगानी १७.३ प्रतिशतले घटेर रु.१० अर्ब ४२ करोड रहेको छ।

तालिका २(ज): संघीय सरकारको शेयर तथा ऋण लगानीको तुलनात्मक स्थिति (रु. करोडमा)

| विवरण | फागुनसम्म | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| संस्थानमा ऋण लगानी | १०८९.७ | १०८५.१ | ९८४.३ | -०.४ | -९.३ |
| संस्थानमा शेयर लगानी | ११०.५ | २३५.६ | ११५.७ | ११३.१ | -५०.९ |
| वैदेशिक शेयर लगानी | २१.६ | ३४.९ | ३९.७ | ६१.५ | १३.७ |
| **कुल ऋण तथा शेयर लगानी** | **१२२१.९** | **१३५५.५** | **११३९.७** | **१०.९** | **-१५.९** |
| ऋण तथा शेयर लगानीको सावाँ फिर्ता | ४४७.६ | ९५.७ | ९७.३ | -७८.६ | १.७ |
| **खुद ऋण तथा शेयर लगानी** | **७७४.३** | **१२५९.८** | **१०४२.३** | **६२.७** | **-१७.३** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

## वित्तीय क्षेत्र

२९. २०८२ फागुनसम्म २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०६ बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। यसैगरी वित्तीय प्रणालीमा ३७ बीमा कम्पनी, ३० हजार भन्दा बढी सहकारी संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, निक्षेप तथा कर्जा सुरक्षण निगम तथा म्युचुअल फण्ड (Mutual Fund) समेत सञ्चालनमा रहेका छन्।

३०. चालु आर्थिक वर्षको फागुनसम्म वित्तीय स्थायित्वका सूचकमा केही दबाब देखिए तापनि अधिकांश सूचक नियामकीय सीमा भित्रै रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०८१ फागुनमा ४.९२ प्रतिशत रहेकोमा २०८२ फागुनमा बढेर ५.४२ प्रतिशत पुगेको छ।

**तालिका (झ): वित्तीय परिसूचकहरू**

| वित्तीय सूचकहरु | २०८० फागुन | २०८१ फागुन | २०८२ फागुन |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | |
| कुल निक्षेप | ११४.९८ | ११८.६६ | १२७.३९ |
| कुल कर्जा | ९४.६१ | ९५.८० | ९५.२३ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | |
| निष्कृय कर्जा | ३.७३ | ४.९२ | ५.४२ |
| विपन्न क्षेत्र कर्जा | ६.८० | ५.९३ | ५.२९ |
| **वित्तीय पहुँचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | ११० | १०७ | १०६ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (संख्यामा) | ११५९३ | ११५४३ | ११४६५ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (संख्यामा) | ७५३ | ७५३ | ७५३ |
| कुल निक्षेप खाता (संख्या लाखमा) | ५४४.० | ५८४.० | ६२०.६ |
| कुल कर्जा खाता (संख्या लाखमा) | १८.८ | १९.४ | २०.४ |
| एटिएम (संख्यामा) | ५०९१ | ५२४२ | ५२६२ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.७४ | ४.५४ | ३.४५ |
| कर्जा | १०.७८ | ८.४० | ६.९० |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

३१. वित्तीय पहुँचमा वृद्धि हुँदै गएसँगै बैकिङ्ग कारोबार गर्ने जनसङ्ख्या उल्लेख्य रूपमा बढेको छ। २०८२ फागुनमा बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप खाता ६ करोड २० लाख ६० हजार, कर्जा खाता २० लाख ४० हजार, मोबाइल बैकिङ्ग सेवा प्रयोगकर्ता २ करोड ९४ लाख ६४ हजार र इन्टरनेट बैकिङ्ग सेवाका प्रयोगकर्ता २३ लाख ७४ हजार रहेको छ। गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा चालु आर्थिक वर्षमा ३६ लाख ६० हजार निक्षेप खाता र १ लाख ३ हजार कर्जा खाता थप भएका छन्।

३२. २०८२ फागुनमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्तसमेत) का आधारमा प्रति शाखा जनसङ्ख्या औसत २ हजार ५ सय ४४ पुगेको छ।

३३. चालु आर्थिक वर्षको फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप ६.६४ प्रतिशतले वृद्धि भई रु.७७ खर्ब ४५ अर्ब ८८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ४.३० प्रतिशत रहेको थियो।

३४. चालु आर्थिक वर्षको फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४.४ प्रतिशतले वृद्धि भई रु.५७ खर्ब ४१ अर्ब २४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर ६.० प्रतिशत रहेको थियो।

३५. २०८२ फागुनसम्म कुल निक्षेपमा बचत निक्षेप ४४.१ प्रतिशत, मुद्दती निक्षेप ४०.१ प्रतिशत, चल्ती निक्षेप ६.६ प्रतिशत र अन्य निक्षेपको अंश ९.२ प्रतिशत रहेको छ।

## बीमा क्षेत्र

३६. लघु, जीवन र निर्जीवन बीमाको स्थापना र शाखा विस्तारसँगै चालु आर्थिक वर्षको फागुनसम्म बीमा कम्पनीको शाखा सङ्ख्या बढेको छ। जीवन बीमा १ हजार ७ सय ७४, निर्जीवन बीमा १ हजार १६ र लघुबीमा २०९ गरी २०८२ फागुनसम्म बीमा कम्पनीको शाखा सङ्ख्या २ हजार ९ सय ९९ पुगेको छ। २०८१ फागुनसम्म यस्तो सङ्ख्या क्रमशः १ हजार ७ सय ८३, १ हजार ३७ र १७२ गरी २ हजार ९ सय ९२ रहेको थियो।

३७. बीमा कम्पनीको स्वामित्व संरचना अनुसार २०८२ फागुनसम्म कुल बीमा कम्पनी (जीवन तथा निर्जीवनसमेत) ३७ रहेका छन्, जसमध्ये स्वदेशी लगानीका बीमा कम्पनीको हिस्सा सबैभन्दा बढी रहेको छ।


३८. २०८२ फागुनसम्म जीवन बीमा शुल्क रु.१ खर्ब २७ अर्ब ६९ करोड र निर्जीवन बीमा शुल्क रु.३२ अर्ब ५३ करोड गरी कुल बीमा शुल्क २०८१ फागुनसम्मको तुलनामा १६.१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६० अर्ब २२ करोड पुगेको छ। २०८२ फागुनसम्म सक्रिय बीमालेखमध्ये जीवन बीमातर्फको सङ्ख्या १ करोड ६२ लाख ५९ हजार ८ सय ३२ र निर्जीवन बीमातर्फको सङ्ख्या २१ लाख ६८ हजार ४५ रहेको छ।

३९. वैदेशिक रोजगार म्यादी जीवन बीमाको दायरा बढेसँगै २०८२ फागुनसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ४९.९ प्रतिशत जनसङ्ख्यामा जीवन बीमाको पहुँच पुगेको छ। २०८२ असारसम्म यस्तो पहुँच ४८.३ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो।

## पुँजी बजार

४०. २०८२ फागुन मसान्तमा नेप्से सूचकाङ्क २८२०.४५ विन्दु कायम भएको छ। २०८१ फागुन मसान्तमा यस्तो सूचकाङ्क २७३६.४९ विन्दु कायम रहेको थियो। त्यसैगरी नेप्से फ्लोट सूचकाङ्क २०८२ फागुन मसान्तमा १९५.०७ विन्दु कायम भएको छ।


चार्ट (च): पछिल्लो ५ वर्षको फागुन मसान्तको नेप्से सूचकांक




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२

४१. २०८२ फागुन ४ गते २६६२.९१ विन्दुमा रहेको नेप्से सूचकाङ्क फागुन २५ गते सबैभन्दा उच्च २८७५.४३ विन्दुमा पुगी महिनाको अन्तिम कारोबार भएको अन्तिम दिन फागुन २८ गते २८२०.४५ विन्दु कायम भएको छ। २०८२ फागुन १० गते नेप्से सूचकाङ्क महिनाकै सबैभन्दा न्यून २६१४.५५ विन्दुमा झरेको थियो। २०८२ फागुनमा पुँजी बजारमा जम्मा १३ दिन मात्र धितोपत्र कारोबार भएको थियो।

चार्ट (छ): २०८२ फागुन महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२

## समग्र मूल्य स्थिति

४२. चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति २.१३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.७२ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थअन्तर्गत दाल तथा गेडागुडी, खाद्य तथा खाद्यजन्य पदार्थ, मरमसला लगायतका वस्तुको मूल्यमा आएको कमीका कारण उपभोक्ता मुद्रास्फीति तुलनात्मक रुपमा न्यून रहेको छ। वार्षिक विन्दुगत आधारमा, २०८२ फागुनमा उपभोक्ता मुद्रास्फीति ३.६२ प्रतिशत रहेको छ। २०८१ फागुनमा यस्तो मुद्रास्फीति ३.७५ प्रतिशत रहेको थियो।

चार्ट(ज): पछिल्लो ५ वर्षको फागुन महिनाको उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

४३. वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.६० प्रतिशत रहेको छ। यस समूहअन्तर्गत तरकारी, घ्यू, तेल, फलफूल लगायतका खाद्य पदार्थको मूल्य वृद्धि उच्च रहेको छ। यस्तो मुद्रास्फीति २०८१ फागुनमा ३.३४ प्रतिशत रहेको थियो।

४४. वार्षिक विन्दुगत आधारमा २०८२ फागुनमा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६३ प्रतिशत रहेको छ। यस समूहअन्तर्गत मादक पदार्थ, सूर्ती, लत्ताकपडा तथा जुत्ता, शिक्षा लगायतका वस्तु तथा सेवाको मूल्य वृद्धि तुलनात्मक रुपमा उच्च रहेको छ भने घरपरिवारको उपयोगिताका वस्तु, सूचना सञ्चार, बीमा तथा वित्तीय सेवा लगायतका वस्तु तथा सेवाको मूल्यवृद्धि न्यून रहेको छ। २०८१ फागुनमा यस्तो मुद्रास्फीति ३.९७ प्रतिशत रहेको थियो।

४५. वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति २०८२ फागुनमा ३.६४ प्रतिशत रहेको छ। २०८१ फागुनमा यस्तो मुद्रास्फीति ४.४३ प्रतिशत रहेको थियो। २०८२ फागुनमा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तुको मूल्य ५.७८ प्रतिशत र इन्धन तथा ऊर्जाको मूल्य ५.२८ प्रतिशतले घटेको छ भने उत्पादित वस्तुको मूल्य १०.७५ प्रतिशतले वृद्धि भएको छ।

४६. वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमासमा तलब तथा ज्याला सूचकाङ्क ६.०३ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही त्रयमासमा उक्त सूचकाङ्क २.८५ प्रतिशतले बढेको थियो।

४७. स्वदेशी बजारमा २०८२ असार मसान्तमा प्रति लिटर १६० रुपैयाँ रहेको पेट्रोलको खुद्रा मूल्य २०८२ फागुन मसान्तमा १.८८ प्रतिशतले घटी प्रति लिटर १५७ रुपैयाँ कायम भएको छ। यसैगरी २०८२ असार मसान्तमा प्रति लिटर १४८ रुपैयाँ रहेको डिजेलको खुद्रा मूल्य २०८२ फागुन मसान्तमा ४.१ प्रतिशतले घटी प्रतिलिटर १४२ रुपैयाँ कायम भएको छ।

## वस्तु निकासी

४८. चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु निर्यात २०.८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९१ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ५७.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५८ अर्ब १७ करोड पुगेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः २५.३ प्रतिशत र ७.८ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ५३.७ प्रतिशतले कमी आएको छ।

४९. चालु आर्थिक वर्षको फागुनसम्म भटमासको तेल, अलैंची, पाम तेल, जुटका सामान, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, पार्टिकल बोर्ड, चिया, ऊनी गलैंचा, हस्तकलाका सामानलगायतका वस्तुको निर्यात घटेको छ।

५०. चालु आर्थिक वर्षको फागुनसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ८२.० प्रतिशत, ०.५ प्रतिशत र १७.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ७९.० प्रतिशत, १.३ प्रतिशत र १९.६ प्रतिशत रहेको थियो।

५१. चालु आर्थिक वर्षको फागुनसम्म निकासी भएका प्रमुख वस्तुमा भटमासको तेल (प्रशोधित) को अंश करिब ४० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको निकासीमध्ये उक्त तेलको अंश ३०.३ प्रतिशत रहेको थियो। यस अवधिमा निकासी भएका प्रमुख १० वस्तुको हिस्सा कुल निकासीको करिब ६८ प्रतिशत रहेको छ।

**तालिका (ञ): फागुनसम्म निकासी भएका प्रमुख १० वस्तुहरू** (रू. करोडमा)

| विवरण | फागुनसम्म | | | |
|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | कुल निकासीमा अंश (%) | वृद्धिदर (%) |
| भटमासको तेल (प्रशोधित) | ४७९४.६७ | ७५७७.४२ | ३९.६ | ५८.० |
| अलैंची | ५८३.७४ | ९४९.६१ | ५.० | ६२.७ |
| पोलिष्टर यार्न र धागो | ८७१.५८ | ८९७.७१ | ४.७ | ३.० |
| उनी गलैचा कार्पेट | ७२०.९० | ६५३.८१ | ३.४ | -९.३ |
| जुटका बुनिएका कपडा | ४९६.४८ | ६३१.६० | ३.३ | २७.२ |
| जुस | ४८८.१३ | ४९८.०० | २.६ | २.० |
| पाम तेल (प्रशोधित) | १६४.०३ | ४९०.२४ | २.६ | १९८.९ |
| तयारी कपडा | ३७६.६८ | ४०९.५२ | २.१ | ८.७ |
| पार्टिकल बोर्ड | ५८८.१९ | ३२२.२६ | १.७ | -४५.२ |
| चिया | ३४५.०० | २६५.१५ | १.४ | -२३.१ |
| पश्मिना | २११.२५ | २५६.५३ | १.३ | २१.४ |
| अन्य | ६१७६.५९ | ६१५९.३६ | ३२.२ | -०.३ |
| **कुल निर्यात** | **१५८१७.२४** | **१९१११.२०** | **१००.०** | **२०.८** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## वस्तु पैठारी

५२. चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु आयात १२.५ प्रतिशतले वृद्धि भई रु.१२ खर्ब ८९ अर्ब २५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात ११.२ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ५.१ प्रतिशत, २१.२ प्रतिशत र २६.० प्रतिशतले बढेको छ।

५३. चालु आर्थिक वर्षको फागुनसम्म भटमासको कच्चा तेल, रासायनिक मल, चाँदी, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, दूरसञ्चारका उपकरण तथा पाट्र्सलगायतका वस्तुको आयात बढेको छ भने खाने तेल, हट रोल्ड शिट इन क्वाइल, लसुन, दाल, एम.एस.बिलेट लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा आयात भएको पेट्रोलियम पदार्थको अंश कुल आयातको १४.४ प्रतिशत रहेको छ।

**तालिका (ट) : फागुनसम्म पैठारी भएका प्रमुख १० वस्तुहरू** (रू. करोडमा)

| विवरण | फागुनसम्म | | | |
|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | कुल आयातमा अंश (%) | वृद्धिदर (%) |
| पेट्रोलियम पदार्थ | १८३८२.५७ | १८५२०.८८ | १४.४ | ०.८ |
| भटमासको तेल (कच्चा) | ५०४३.८९ | ७७६६.५६ | ६.० | ५४.० |
| यातायातका उपकरण, साधन र पार्टस् | ५८३१.०६ | ७६११.४१ | ५.९ | ३०.५ |
| अन्य उपकरण र पार्टस् | ५१२७.११ | ५८६०.१४ | ४.५ | १४.३ |
| रासायनिक मल | २०२२.५६ | ४५८१.६० | ३.६ | १२६.५ |
| स्पोन्ज फलाम | ३३६४.८८ | ३६८२.३० | २.९ | ९.४ |
| दुरसञ्चारका उपकरण र पार्टस | २७३६.४२ | ३६६०.९९ | २.८ | ३३.८ |
| औषधी | ३०६४.२४ | ३०१४.३० | २.३ | -१.६ |
| धान/चामल | २८८०.३३ | २८१४.८१ | २.२ | -२.३ |
| चाँदी | ४६२.४८ | २८१२.४७ | २.२ | ५०८.१ |
| अन्य | ६५६४१.०७ | ६८५९९.५६ | ५३.२ | ४.५ |
| **कुल आयात** | ११४५५६.६२ | १२८९२५.०२ | १००.० | १२.५ |


स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

५४. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ५६.२ प्रतिशत, २०.६ प्रतिशत र २३.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६०.१ प्रतिशत, १९.१ प्रतिशत र २०.८ प्रतिशत रहेको थियो।

## व्यापार सन्तुलन र कुल व्यापार

५५. चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापार घाटा ११.२ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ९८ अर्ब १४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ६.२ प्रतिशतले बढेको थियो। यस अवधिमा निर्यात-आयात अनुपात १४.८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात १३.८ प्रतिशत रहेको थियो।


चार्ट (झ): पछिल्लो ५ आर्थिक वर्षको फागुनसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)




स्रोतः भन्सार विभाग, २०८२

५६. चालु आर्थिक वर्षको फागुनसम्म कुल वैदेशिक व्यापार १३.५ प्रतिशतले बढेर रु.१४ खर्ब ८० अर्ब ३६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक व्यापार १५.३ प्रतिशतले बढेर रु.१३ खर्ब ३ अर्ब ७४ करोड रहेको थियो।

चार्ट (ञ) : पछिल्लो ५ आर्थिक वर्षको फागुनसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८२

५७. यस अवधिको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १२.९ प्रतिशत र ८७.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश १२.१ प्रतिशत र ८७.९ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

५८. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म कुल सेवा आय गत वर्षको सेवा आय रू.१ खर्ब ५१ अर्ब ९९ करोडको तुलनामा १०.७ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ६८ अर्ब २९ करोड पुगेको छ। साथै, यस अवधिमा कुल सेवा खर्च गत आर्थिक वर्षको रु.२ खर्ब १३ अर्ब ६ करोडको तुलनामा ३.३ प्रतिशतले सङ्कुचन भई रू.२ खर्ब ५ अर्ब ९७ करोड रहेको छ।

५९. चालु आर्थिक वर्षको फागुनसम्म खुद सेवा आय गत आर्थिक वर्षको सोही अवधिमा रू.६१ अर्ब ७ करोडले घाटामा रहेकोमा ३८.३ प्रतिशतले सुधार भई रु.३७ अर्ब ६९ करोडले घाटामा रहेको छ।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

६०. आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको फागुनसम्मको रू.१० खर्ब ५३ अर्बको तुलनामा ३७.७ प्रतिशतले वृद्धि भई रू.१४ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह ९.५ प्रतिशतले बढेको थियो। यस अवधिमा वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २ लाख ७३ हजार ५ सय ३६ र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २ लाख ५१ हजार ९ सय ८५ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

६१. चालु आर्थिक वर्षको फागुनसम्म चालु खाता रु.५ खर्ब ५२ अर्ब ८५ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.१ खर्ब ९७ अर्ब ३ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा १ अर्ब ४६ करोडले बचतमा रहेको चालु खाता चालु आर्थिक वर्षको फागुनसम्म ३ अर्ब ८८ करोडले बचतमा रहेको छ।

६२. चालु आर्थिक वर्षको फागुनसम्म शोधनान्तर स्थिति रु.६ खर्ब ५८ अर्ब ३५ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु.३ खर्ब १० अर्ब ३७ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब २९ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको फागुनसम्म ४ अर्ब ६१ करोडले बचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

६३. २०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्ब ६८ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति २७.५ प्रतिशतले वृद्धि भई २०८२ फागुन मसान्तमा रु.३४ खर्ब ३ अर्ब ७७ करोड पुगेको छ। यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड अमेरिकी डलरमा रहेकोमा २०८२ फागुन मसान्तमा १८.३ प्रतिशतले वृद्धि भई २३ अर्ब ८ करोड अमेरिकी डलर पुगेको छ।

६४. चालु आर्थिक वर्षको फागुनसम्मको आयातलाई आधार मान्दा बैङ्किङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.४ महिनाको वस्तु आयात र १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

## स्वीकृत वैदेशिक लगानी र वैदेशिक लगानी आप्रवाह

६५. २०८२ फागुनसम्म उद्योग विभागमा कुल ७ हजार ९ सय ५१ परियोजनामा रु.६ खर्ब २५ अर्ब ५८ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। स्वीकृत वैदेशिक लगानीमध्ये सबैभन्दा बढी सेवा उद्योगमा २८.३ प्रतिशत र सबैभन्दा कम खनिज उद्योगमा १.३ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म रु.४० अर्ब ७० करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ।

६६. चालु आर्थिक वर्षको फागुनसम्म कुल प्रत्यक्ष वैदेशिक लगानी २७.९ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ८४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी रु.८ अर्ब ४७ करोड रहेको थियो।

६७. चालु आर्थिक वर्षको फागुनसम्म विदेशी लगानीकर्ताले लगानी/लाभांश बापत रु.५ अर्ब ७२ करोड फिर्ता लगेका छन्। गत आथिक वर्षको सोही अवधिमा यस्तो रकम रु.२ अर्ब ९८ करोड रहेको थियो।

६८. चालु आर्थिक वर्षको फागुनसम्म खुद वैदेशिक लगानी ६.९ प्रतिशतले घटेर रु.५ अर्ब ११ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रु.५ अर्ब ४९ करोड रहेको थियो।

## विनिमय दर

६९. २०८२ असार मसान्तको तुलनामा २०८२ फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ७.२ प्रतिशतले अवमूल्यन भएको छ। गत वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ४.२ प्रतिशतले अवमूल्यन भएको थियो। २०८२ फागुन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४७.६४ पुगेको छ। २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.० रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### पर्यटक आगमन र भ्रमण आय

७०. सन् २०२५ अगष्ट महिना देखि सन् २०२६ को फेब्रुअरी महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ४.७ प्रतिशतले वृद्धि भई ७ लाख ८ हजार ५ सय ५१ पुगेको छ। सन् २०२४ अगष्ट महिना देखि सन् २०२५ को फेब्रुअरी महिनासम्म यस्तो सङ्ख्या ६ लाख ७६ हजार ८ सय २३ रहेको थियो। सन् २०२६ को पहिलो २ महिनामा १ लाख ९८ हजार १४ पर्यटक नेपाल भित्रिएका छन्। सन् २०२५ को पहिलो २ महिनामा यस्तो सङ्ख्या १ लाख ७६ हजार ८ सय ७१ रहेको थियो। कोभिड-१९ महामारीको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा पर्दै आएको छ।

७१. चालु आर्थिक वर्षको फागुनसम्म पर्यटनबाट प्राप्त हुने भ्रमण आय गत आर्थिक वर्षको सोही अवधिको रु.५६ अर्ब ७८ करोडको तुलनामा २.५ प्रतिशतले सङ्कुचन भई रु.५५ अर्ब ३९ करोड रहेको छ। यस अवधिमा भ्रमण खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.१ खर्ब ४७ अर्ब ५७ करोडको तुलनामा १.७ प्रतिशतले सङ्कुचन भई रु.१ खर्ब ४५ अर्ब १२ करोड रहेको छ।

### कम्पनी दर्ता

७२. चालु आर्थिक वर्षको फागुनसम्म १५ हजार ३ सय ६३ थप कम्पनी दर्ता भएका छन्। जसमध्ये सबैभन्दा बढी प्राईभेट लिमिटेड कम्पनी ९७.४० प्रतिशत रहेका छन्।२०८२ फागुनसम्म दर्ता भएका कम्पनीको सङ्ख्या ३ लाख ६९ हजार ६ सय ४६ पुगेको छ।

### विद्युत उत्पादन, उपभोग, वितरण र पहुँच

७३. २०८२ फागुनसम्म ९९.१ प्रतिशत जनसंख्यामा विद्युत पँहुच पुगेको छ। यस अवधिसम्म कुल जडित विद्युत क्षमता ४ हजार १ सय ५ मेगावाट रहेको छ। यसमध्ये राष्ट्रिय ग्रीड लाईनमा जोडिएको जलविद्युत ३ हजार ९ सय ९७ मेगावाट रहेको छ। चालु आर्थिक वर्षमा भारततर्फ २ हजार ९ सय १८ गिगावाट घण्टा बराबर विद्युत निर्यात भएको छ।

७४. आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म कुल विद्युत खपतमध्ये गार्हस्थ, औद्योगिक, व्यापारिक र अन्य क्षेत्रमा विद्युत खपत क्रमशः ३०.० प्रतिशत, २५.० प्रतिशत, ६.० प्रतिशत र १०.० प्रतिशत रहेको छ। यस अवधिमा २९.० प्रतिशत विद्युत निर्यात भएको छ।

७५. राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथिको लम्बाइ) २०८२ असारसम्म ७ हजार १ सय ६१ सर्किट किलोमिटर रहेकोमा २०८२ फागुनसम्म ७ हजार २ सय ८० सर्किट किलोमिटर पुगेको छ। २०८२ फागुनसम्म प्रसारण लाइन (३३ के.भी.) ८ हजार २ सय २५ सर्किट किलोमिटर पुगेको छ। २०८२ असारसम्म वितरण लाइन (४००/२३० भोल्ट) १ लाख ५६ हजार ७ सय ९० सर्किट किलोमिटर रहेकोमा २०८२ फागुनसम्म १ लाख ७३ हजार ४३ सर्किट किलोमिटर पुगेको छ।